# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, पुस २७ गते, २०७८ साल (अतिरिक्ताङ्क २१

## भाग २

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश सञ्चार माध्यम व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८**

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ७ मा संशोधनः</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर,

(क) आर्थिक वर्ष २०७७/०७८ सम्मको लागि नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी ऐन बमोजिम प्रसारण गर्ने संस्था वा व्यक्तिलाई आर्थिक वर्ष २०७८/०७९ मा लाग्ने नवीकरण दस्तुर छुट हुनेछ ।

(ख) आर्थिक वर्ष २०७७/०७८ को नवीकरण गर्न छुट भएका सामुदायिक, निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित प्रसारण संस्थाले २०७८ माघ मसान्तसम्म इजाजत नवीकरण गर्दा लाग्ने थप शुल्क र जरिबाना छुट हुनेछ।"

३. **<u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेको "दुई प्रतिशत" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशत" भन्ने शब्दहरु राखिएको छ ।

(२) उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश हटाइएको छ ।

(३) उपनियम (२क) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर आर्थिक वर्ष २०७७/२०७८ सम्मको लागि नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी ऐन

बमोजिम प्रसारण गर्ने संस्था वा व्यक्तिले आर्थिक वर्ष २०७७/०७८ को लागि आफूले गरेको वार्षिक कुल आम्दानीको नियमानुसार बुझाउनुपर्ने प्रसारण तथा वितरण शुल्क (रोयल्टी) सम्वत् २०७८ माघ मसान्तसम्म बुझाएमा कुनै जरिवाना लाग्ने छैन ।”

**आज्ञाले,**
**रुद्रसिंह तामाङ**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-